हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

# मानव अधिकारको स्थिति

**जनवरी-फरवरी**

२०१०

## हिमराइट्स लाइफ लाइन एक झलक

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भएको थियो । यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो । यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो । लाइफ लाइनको अवधारणासम्बन्धी सोचको विकास हिमराइट्सले सन् २००३ मा मकवानपुर, बारा र रौतहटमा संचालन गरेको द्वन्द्व, आप्रवासन र मानव बेचबिखनसम्बन्धी अनुसन्धानले देखाएको परिणामबाट भएको थियो । अनुसन्धानको दौरानमा यसमा संलग्न भएका टोलीका सदस्यहरुले यी जिल्लाहरुमा द्वन्द्वरत दुवै पक्षबाट मानव अधिकारको गम्भीर र व्यापकरुपमा उल्लंघन भएको पाए । यसक्रममा द्वन्द्वको क्रममा भएका तनावपूर्ण अवस्थामा दुवै पक्षहरुबाट परिवार, महिला तथा बालबालिकालाई अपरहण तथा गिरफ्तार गर्ने काम भयो । गाउँलेसँग सीमित खाद्यान्न हुँदा हुँदै पनि माओवादी सेना तथा लडाकुहरुले उनीहरुसँग खाना र आश्रयस्थलको माग गर्दथे । धेरै गाउँलेहरुलाई बलजफ्ती वा स्वेच्छिक रुपमा उनीहरुसँग काम गर्न बाध्य बनाए । अर्कातिर राज्य माओवादी भएको आशंकामा सर्वसाधारणको गैर न्यायिक हत्या गर्ने, गिरफ्तारी गर्ने तथा बेपत्ता बनाउने कार्य गरिरहेको थियो । यस्तो अवस्थामा अपहरण, गिरफ्तारी वा गैर न्यायिक ढंगबाट बेपत्ता पारिएपछि आफ्ना परिवारका सदस्यहरु जिउँदै रहेको वा मरेको कुरा थाहा हुने स्थिति थिएन । त्यतिमात्र होइन, त्यस्ता घटना भएका ठाउँमा बदला लिन सक्ने सम्भावना वा थप सजाय भोग्नु पर्ने डरले मानिसहरुले वा बेपत्ता पारिएकाहरुको खोजी गर्नका लागि एकअर्कामा सूचना आदानप्रदान गर्नसमेत विश्वास गर्न सक्ने अवस्था थिएन । हिंसा गर्ने धम्कीका कारण यी परिवारका लागि पीडकहरुले जे भन्छन् त्यही कुरा चुपचाप अनुसरण गर्ने बाहेक अन्य कुनै बिकल्प थिएन । माओवादीलाई सघाएको आरोपमा सुरक्षाकमीहरुले आक्रमण गर्ने सम्भावना जहिलै रहिरहन्थ्यो । यस्ता घटनाहरु नेपालको ग्रामीण इलाकामा बस्ने जोकोहीका लागि नौलो थिएन । यसका साथै न्यायको खोजी गर्ने, पीडकका विरुद्ध मुद्दा दायर गर्ने कानुनी प्रक्रिया नै अवरुद्ध भएको थियो ।

यस्तो पृष्ठभूमिमा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएका परिवारजनहरु कहाँ छन् भनेर खोजी गर्नका लागि एउटा उपयुक्त मञ्चको आवश्यकता भएको कुरा महसुस गऱ्यो ।

यसरी हिमराइट्स लाइफ लाइनले आन्तरिक द्वन्द्वका कारण भएको मानव अधिकार उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्ने, अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने एउटा भरपर्दो सेवा प्रदान गरेको थियो । लाइफ लाइन सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो । यस क्रममा यदि पीडितका परिवारजनले उनीहरुको परिचय खुलाउन चाहेनन भने हिमराइट्सले उनीहरुको गोपनीयताको सम्मान गर्ने गरेको थियो ।

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## प्रमुख घटनाहरु

- ७ फरवरी २०१० मा संचार उद्यमी तथा स्पेसटाइम नेटवर्कका अध्यक्ष जमिम शाहको काठमाण्डौको लाजिम्पाटमा अज्ञात समूहबाट हत्या भयो ।
- २० जनवरी २०१० मा काठमाण्डौको गोठाटारमा भएको स्थानीय बासिन्दा बीच भएको झडपको क्रममा हानिएको गोली लागि ९ वर्षका सन्तोष कार्की मारिनुका साथै अन्य दुई जना घाइते भए ।
- १२ जनवरी २०१० मा बीरगञ्जस्थित रानीघाटमा पर्सा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी बलबहादुर मल्लमाथि अज्ञात बन्दुकधारीद्वारा आक्रमण गरियो । यस आक्रमणमा निजका अङ्गरक्षक प्रहरी जवान अनन्त बहादुर खड्काको घटनास्थलमा मृत्यु भयो ।
- जनवरी २०१० मा दण्डहिनताको विरुद्धमा एउटा सामूहिक अभियान संचालन गर्न पहल गर्ने उद्देश्यले जनवरीमा स्थापना भएको नेपालका द्वन्द्व पीडितहरुको संस्था न्यायका लागि ऐक्यवद्धता अभियान (एसओसिएजी)ले आफ्नो पूर्व निर्धारित कार्यक्रमहरु प्रारम्भ गऱ्यो ।
- सरकार र एकिकृत नेकपा माओवादी बीच १६ डिसेम्बर २००९ मा ४० दिनभित्रमा माओवादी शिविरमा भएका अयोग्य लडाकुहरुलाई घर फर्काउने कार्ययोजनासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भए अनुरुप सिन्धुली, इलाम, चितवन, नवलपरासी, सुर्खेत, कैलाली र रोल्पामा रहेका शिविरहरुमा रहेका ४,००८ जना अयोग्य लडाकुमध्ये २,३९४ जनालाई घर फर्काउने काम सम्पन्न भयो ।

## मानव अधिकार अवस्था

२०१० को जनवरी र फरवरीमा देशमा मानव अधिकारको स्थितिमा सुधारात्मक अवस्था देखिएन । हत्या, अपहरण, धम्कीलगायत अन्य गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमाथि नियन्त्रण हुन नसकिरहेको अवस्थाले देश कानुनीविहिनता तथा दण्डहिनताको स्थितिबाट गुज्रिरहेको आभाष हुन्छ । तराईका जिल्लाहरुमा भइरहेका हत्या, अपहरणलगायतका घटनाहरुले त्यस क्षेत्रमा विद्यमान् विभिन्न सशस्त्र समूहहरु असामाजिक गतिविधिहरु संचालन गर्नमा सक्रिय रहेको देखिन्छ । तराईका जिल्लाहरुमा सरकारद्वारा विशेष सुरक्षा व्यवस्था प्रभावकारी ढंगबाट अवलम्बन गरेको दावी गर्दै आएको भएतापनि यथार्थमा स्थिति यस्तो छैन ।

संक्रमणकालिन अवस्थाबाट गुज्रिरहेको देशको वर्तमान राजनीतिक परिदृष्यमा विशेष गरी पूर्वी तराईलगायत देशभरि नै विभिन्न असन्तुष्ट समूहहरुहरु क्रियाशिल रहेको देखिन्छ । यी समूहहरुका साथै विभिन्न जनजाति समुदायहरुको संगठित शक्तिले संघीय राज्यलगायत अन्य मागहरु राख्दै विरोध प्रदर्शनहरु गर्ने कार्य जारी राखेका छन् । यसरी विभिन्न समूहहरुबाट आयोजना गरिएका विरोध प्रदर्शनहरुमा झडप तथा तोडफोडका घटनाहरु हुने गरेका छन् ।

बितेका दूई महिनाहरुमा हत्या, गिरफ्तारी, अपहरणका घटनाहरुले नै देशका समाचारपत्रहरुमा प्रमुखता पाएका छन् । देशको पूर्वी क्षेत्रमा देखा परेका विभिन्न समूहहरु हत्या, अपहरणलगायतका क्रियाकलापहरुमा संचालन गरिरहेका छन् । एकीकृत नेकपा माओवादी पार्टीले शान्ति तथा नयाँ संविधान निर्माण प्रत्रियाप्रति प्रतिवद्धता जनाउदै आएतापनि उसले विगतका अलोकतान्त्रिक क्रियाकलापहरुमाथि पूर्णविराम लगाएको छैन । माओवादी कार्यकर्ताहरुबाट भएका धम्की दिने, कुटपिट गर्ने, बन्धक बनाउने जस्ता घटनाहरु सार्वजनिक भइरहेका छन् । देशभरि नै आक्रमण, जबरजस्ती चन्दा असुली, जग्गाजमिन कब्जा, लगायतका अलोकतान्त्रिक व्यवहारहरुले निरन्तरता पाइरहेको छ ।

यसै गरी प्रमुख राजनीतिक दलहरुका भातृसंगठनहरु बीच झडपहरु भइरहेका छन् । यस स्थितिमा हिमराइट्सको लाइफलाइन अन्तर्गत पूर्वी तराईका खासगरी सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट बारा तथा पर्सा जिल्लामा सशस्त्र समूहहरुबाट भएका हत्या, बन्धक, अपहरण, बम विष्फोटन, लुटपाट तथा जग्गा कब्जालगायतका आपराधिक क्रियाकलापहरुलाई अनुगमन गरी यसको प्रतिवेदन सार्वजनिक गरेको छ ।

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले यसका जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ । यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका सूचनाहरु संकलन गर्दछन् । त्यसै गरी हिमराइट्सले नेपाली र अंग्रेजी भाषामा प्रकाशित हुने दैनिक समाचार पत्रहरुमा प्रकाशित भएका मानवअधिकार उल्लंघनका घटनासम्बन्धी सूचनाहरु संकलन गर्दछ ।

अनुगमनबाट जनवरी र फरवरी गरी दुई महिनाको बीचमा करिब १४७ वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएका छन् । यी घटनाहरुमा एकिकृत नेकपा माओवादी, अन्य राजनीतिक दल तथा विभिन्न सशस्त्र समूह तथा अन्य समूहहरु संलग्न रहेको पाइयो ।

### तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु

| मानव अधिकार उल्लंघन | जनवरी | फरवरी |
|---|---|---|
| हत्या | १५ | २० |
| कब्जा/अपहरण | ६ | ६ |
| ज्यान मार्ने धम्की र अन्य | ३ | ७ |
| महिला हिंसा/घरेलु हिंसा | ४ | - |
| यातना/घाइते | ६ | ७ |
| यौन दुर्व्यवहार (महिला) | १ | १ |
| विष्फोटनबाट घाइते | - | २ |
| बन्द (नेपाल, क्षेत्र, जिल्ला) | १० | ६ |
| गिरफ्तारी | १ | ३ |
| **जम्मा** | **४६** | **५२** |

### तालिका २ : बाल अधिकार उल्लंघनका घटनाहरु

| बाल अधिकार उल्लंघन | जनवरी | फरवरी |
|---|---|---|
| हत्या | १ | २ |
| कब्जा/अपहरण | ४ | - |
| ज्यान मार्ने धम्की र अन्य | - | - |
| यातना/घाइते | - | ३ |
| यौन दुर्व्यवहार | ३ | ४ |
| विद्यालय बन्द | ६ | ९ |
| राजीतिक गतिविधिमा बालबालिकाको प्रयोग | २ | - |
| विष्फोटनबाट घाइते | - | ३ |
| गिरफ्तारी | ९ | - |
| बेपत्ता |  | ३ |
| **जम्मा** | **२५** | **२४** |

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

*तालिका : ३ मानव अधिकार अवस्था - जनवरी*

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादी | राजनीतिक दलका भातृ संघ संस्थाहरु | प्रमुख राजनीतिक दलहरु | अज्ञात समूह/सशस्त्र समूह | सुरक्षाकर्मी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | हत्या | | | | ९ | | ६ | १५ |
| २. | कब्जा/अपहरण | | | | ६ | | | ६ |
| ३. | ज्यान मार्ने धम्की र अन्य | १ | १ | | १ | | | ३ |
| ४. | महिला हिंसा/घरेलु हिंसा | | | | | | ४ | ४ |
| ५. | यातना/घाइते | | | | ६ | | | ६ |
| ६. | यौन दुर्व्यवहार (महिला) | | | | | | १ | १ |
| ७. | **विष्फोटनबाट घाइते** | | | | | | | |
| ८. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | २ | २ | ४ | | | २ | १० |
| ९. | **गिरफ्तारी** | | | | | १ | | १ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | हत्या | १ | | | | | | १ |
| २. | कब्जा/अपहरण | | | | ४ | | | ४ |
| ३. | ज्यान मार्ने धम्की | | | | | | | |
| ४. | यातना/घाइते | | | | | | | |
| ५. | यौन दुर्व्यवहार (बालक) | | | | | | ३ | ३ |
| ६. | विद्यालय बन्द | | ३ | | | | ३ | ६ |
| ७. | राजीतिक गतिविधिमा बालबालिकाको प्रयोग | ३५ | १० | | | | | ४५ |
| ८. | **विष्फोटन पीडित** | | | | | | | |
| ९. | **गिरफ्तारी** | | | | | ९ | | ९ |

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## *तालिका : ४ मानव अधिकार अवस्था - फरवरी*

| क्र.सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादी | राजनीतिक दलका भातृ संघ संस्थाहरु | प्रमुख राजनीतिक दलहरु | अज्ञात समूह/सशस्त्र समूह | सुरक्षाकर्मी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | **हत्या** | | १ | | १२ | ६ | १ | २० |
| २. | कब्जा/अपहरण | | | | ६ | | | ६ |
| ३. | ज्यान मार्ने धम्की र अन्य | २ | | | ५ | | | ७ |
| ४. | महिला हिंसा/घरेलु हिंसा | | | | | | | |
| ५. | यातना/घाइते | | १ | | ३ | २ | १ | ७ |
| ६. | यौन दुर्व्यवहार (महिला) | | | | | १ | | १ |
| ७. | **विष्फोटनबाट घाइते** | | | | २ | | | २ |
| ८. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | १ | ३ | १ | | | १ | ६ |
| ९. | **गिरफ्तारी** | | | | | ३ | | ३ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | **हत्या** | | | | | | २ | २ |
| २. | कब्जा/अपहरण | | | | | | | |
| ३. | ज्यान मार्ने धम्की | | | | | | | |
| ४. | यातना/घाइते | | | | | ३ | | ३ |
| ५. | यौन दुर्व्यवहार (बालक) | | | | | | ४ | ४ |
| ६. | राजीतिक गतिविधिमा बालबालिकाको प्रयोग | | | | | | | |
| ७. | विद्यालय बन्द | | १ | | | | ८ | ९ |
| ८. | **विष्फोटनबाट घाइते** | | | | ३ | | | ३ |
| ९. | **बेपत्ता** | | | | | | ३ | ३ |
| | | | | | | | | |

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## निष्कर्ष

एकिकृत नेकपा माओवादी, चुरेभावर एकता समाज तथा अन्य राजनीतिक एवं जातिगत समूहहरुले आव्हान गरेका आम हडतालका कारण जनताको जीवन अस्तव्यस्त बनायो । सार्वजनिक यातायातका साधनहरु तोडफोड गरिए । विभिन्न भूमिगत सशस्त्र समूहहरुद्वारा गरिएका अपहरण, नियन्त्रणमा लिने, जग्गा जमिन कब्जा, हत्यालगायतका घटनाहरुको संख्यामा निकै वृद्धि भएको पाइयो । एकिकृत नेकपा माओवादीको भातृसंगठन यङ्ग कम्युनिष्ट लिग ( वाइसिएल) का गतिविधिहरु वृद्धि भएको पाइयो । उनीहरु अझै मानिसहरुलाई नियन्त्रणमा लिने तथा यातना दिने कार्यमा संलग्न भएको पाइयो । यसै गरी उनीहरुले प्रहरी चौकीमाथि आक्रमण गर्ने कार्यमा संलग्न भएको पाइयो ।

यसरी अभिलेखिकरण भएका मानव अधिकार उल्लंघनका घटनाहरुले  यी दुई महिनाहरुको मानव अधिकारको स्थिति नकारात्मक दिशातर्फ अगाडि बढेको देखाएका छन् । भूमिगत रुपमा संचालित सशस्त्र समूहहरुका क्रियाकलापहरुले मानिसको बाँच्न पाउने अधिकार तथा समग्र सुरक्षामाथि चुनौती दिइरहेका छन् । जनताको जीवनको अधिकार, स्वतन्त्र घुमफिर गर्न पाउने अधिकार तथा सुरक्षा प्राप्त गर्ने अधिकारको ठाडो उल्लंघन भएको छ । जीवनको सुरक्षाका लागि कानुनी शासनको अभाव देखिएको छ  । राज्य र माओवादी पक्ष बीच ऐतिहासिक रुपमा सम्पन्न भएको वृहत शान्ति सम्झौतामा उल्लेख भएका मानव अधिकारको मूल्य र मान्यतालाई माओवादी पक्षले पूर्ण रुपमा आत्मासात गर्न नसकिरहेको स्थिति छ । यस प्रकार मानव अधिकार उल्लंघनको विद्यमान अवस्थाले जनताको जीउ, धनको सुरक्षाका लागि राज्यले सुरक्षा स्थितिलाई मजबुत पार्नु पर्ने आवश्यकता देखिएको छ ।

सम्पूर्ण घटनाहरुले जनताको शान्तिपूर्ण बाँच्न पाउने तथा काम गर्न पाउने अधिकारमाथि धावा बोलेका छन् । त्यसैगरी माओवादी सैन्य शिविरबाट घर पठाइएका अयोग्य लडाकुहरुलाई राज्य तथा अन्य सरोकारवाला संस्थाहरुको निगरानीमा राखिनु पर्दछ । जातिय सर्वोच्चताको आधारमा घोषणा गरिएका संघात्मक राज्यहरु समाजमा जातिय प्रथामा आधारित द्वन्द्व सिर्जना हुन सक्ने सम्भावना प्रसस्त छ । यसैले यसप्रकारको सम्भावित द्वन्द्वको बारेमा सबै सरोकारवाला पक्षहरु सचेत हुनु जरुरी छ ।

**नयाँ संविधानका लागि ७९ दिन बाँकी**


हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np; hrlifeline@wlink.com.np
वेवसाइट : www.himrights.org